बैठक नं.७

आज मिति २०८२/१०/१४ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउसो ४ : १५ बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | युम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

अरूण कुमार श्रेष्ठ का. वा. वडा अध्यक्ष - ४

विर बहादुर तामाङ, का. वा. वडा अध्यक्ष - ७

कुल प्रसाद लम्साल का. वा. वडा अध्यक्ष १५

सोमनाथ दंगोरिया का. वा. वडा अध्यक्ष १६

तुलसी बहादुर चौधरी का. वा. वडा अध्यक्ष १

**प्रस्ताव नं. ७.१**
मिति २०८२/०९/०८ मा बसेको नगरकार्यपालिकाको छैटौं वैठकवाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. ७.१**

- बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ माथि दोस्रो संशोधनका लागि नगरसभाको अठारौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय लिइएको र सभाबाट उक्त ऐन माथि संशोधन भई स्थानीय राजपत्रमा समेत प्रकाशित गरि सकिएको ।
- बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) ऐन, २०८० माथि दोस्रो संशोधनका लागि नगरसभाको अठारौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय लिइएको र सभाबाट उक्त ऐन माथि संशोधन भई स्थानीय राजपत्रमा समेत प्रकाशित गरि सकिएको ।
- बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ माथि दोस्रो संशोधनका लागि नगरसभाको अठारौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय लिइएको र सभाबाट उक्त ऐन माथि संशोधन भई स्थानीय राजपत्रमा समेत प्रकाशित गरि सकिएको ।
- बुटवल उपमहानगरपालिकाको भाषा, संस्कृति र ललितकला सम्बन्धी ऐन, २०८२ माथि प्रथम संशोधनका लागि नगरसभाको अठारौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने गरी निर्णय लिइएको र सभावाट उक्त ऐन माथि संशोधन भई स्थानीय राजपत्रमा समेत प्रकाशित गरि सकिएको ।
- चालु आ.व. २०८२।०८३ को वार्षिक वजेट तथा कार्यक्रम सहितको विनियोजन ऐन, २०८२ को कार्यान्वयनको अवस्था, समीक्षा र शीर्षकान्तर रकमान्तर गर्नका लागि संशोधन प्रस्ताव नगरसभाको अठारौ अधिवेशनमा पेश गर्ने गरी निर्णय लिइएको र सोही बमोजिम नगरसभाको अठारौं अधिवेशन समेत सम्पन्न भइसकेको ।
- बुटवल-१२ स्थित नवरत्न माध्यमिक विद्यालयको नाममा जग्गाधनि प्रमाणपूर्जा प्राप्तीका लागि आवश्यक प्रकिया अगाडि वढाउन सम्बन्धित निकायमा लेखी पठाउने गरी निर्णय लिइएको ।
- नगरपालिकाको कार्यालयको सहायकस्तर पाँचौ तहमा कार्यरत भागवत घिमिरेको मिति २०८२।०८।०४ गते देखि मिति २०८३।०८।०३ गते सम्मका लागि निजको असाधारण (बेतलवी) विदा स्वीकृतिका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- बुटवल-९ स्थित उपमहानगरपालिकाको आफ्नै स्वामित्वमा रहेको जग्गामा संचालित लुम्बिनी बस टर्मिनल हाता भित्र रहेका रुखहरु कटान गरी ढलान गर्ने र पार्किङ्ग व्यवस्था मिलाउनु पर्ने भएको हुँदा सो को लागि आवश्यक प्रकिया अगाडी वढाउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेका हाटवजार शपिङ्ग कम्प्लेक्सका १ नं. देखि ८८ नं. सम्मका सटरहरुको आय ठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने गरी निर्णय लिइएको।

**प्रस्ताव नं. ७.२**
बुटवल उपमहानगरपालिकाको आय ठेक्का वन्दोबस्त गर्ने सम्वन्धी नियमावली, २०७६ (तेस्रो संशोधन २०८२) माथि संशोधन सम्बन्धमा ।

**निर्णय नं. ७.२**
बुटवल उपमहानगरपालिकाद्धारा कार्यान्वयनमा रहेको बुटवल उपमहानगरपालिकाको आय ठेक्का बन्दोबस्त गर्ने सम्वन्धी नियमावली, २०७६ माथि संशोधन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

बुटवल उपमहानगरपालिका आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७६ (तेस्रो संशोधन) २०८२

| नियमावलीको परिच्छेद, नियम, उपनियम | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव |
|---|---|---|
| परिच्छेद-१, नियम २(ट) | (ट) प्रमुख प्रशासकीय अधिकृत भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ। | हटाइएको |
| परिच्छेद-२, नियम ३, उपनियम १ | परिच्छेद-२, नियम ३, उपनियम (१ क)थप गर्नुपर्ने | उपनियम (१ क) मा जुनसुकै कुरा लेखिएतापनि प्राकृतिक श्रोतबाहेकको आयठेक्काको हकमा दुई आर्थिक वर्षका लागि ठेक्का बन्दोवस्त गर्न कुनै वाधा पर्ने छैन । |
| परिच्छेद-२, नियम ३, उपनियम ३ | (३) यस नियम बमोजिम ठेक्का वन्दोवस्त गर्दा सामान्यतया आर्थिक वर्ष शुरु हुनु भन्दा अगाडी नै ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । आय ठेक्काको न्यूनतम अंक राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाले कायम गरे बमोजिम हुनेछ । | (३) यस नियम वमोजिम ठेक्का बन्दोवस्त गर्दा सामान्यतया आर्थिक वर्ष शुरु हुनु भन्दा अगाडि नै ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । आय ठेक्काको न्यूनतम अंक राजश्व परामर्श समितिको सिफारिसमा नगरकार्यपालिकाले कायम गरे बमोजिम हुनेछ ।<br>तर, सम्झौता अवधि समाप्त वा कारणवस सम्झौता अन्त्य भएकाको हकमा सम्झौता समाप्त भएपश्चात नियमानुसार जुनसुकै समयमा ठेक्का बन्दोवस्ती गर्न सकिनेछ । |

| | | |
|---|---|---|
| परिच्छेद-२, नियम ३, उपनियम ४(ग) | ग. खण्ड क. बमोजिमको कार्यान्वयन कार्ययोजनाको आधारमा कुनै आन्तरिक आयमा पाँच लाख रुपैंया भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र सो भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्न सक्नेछ । | ग. खण्ड क. बमोजिमको कार्यान्वयन कार्ययोजनाको आधारमा कुनै आन्तरिक आयमा पाँच लाख रुपैंया भन्दा कम उठ्ने भएमा कार्यालयस्तरीय निर्णयबाट र सो भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्न सकिनेछ । |
| परिच्छेद-२, नियम ३, उपनियम ४(घ) | घ. खण्ड ग. बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैंयासम्म भए स्थानीयस्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ र त्यस्तो सूचना कार्यालय, वडा कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीय उद्योग वाणिज्य संघ जस्ता संस्थाको कार्यालयमा समेत सबैले देख्ने गरि सार्वजनिक ठाउँमा सूचना टाँस गरी सोको मुचुल्का वा टाँसको जानकारी प्राप्त गर्नुपर्नेछ । दशलाख रुपैंया भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ । यस्तो सूचना कार्यालयको वेभसाईटमा समेत राख्नु पर्नेछ । | घ. खण्ड ग. बमोजिम बोलपत्र आह्वान गर्दा दशलाख रुपैंयासम्म भए स्थानीयस्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा तीस दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ र त्यस्तो सुचना कार्यालयले वेबसाइटमा पनि राख्नुपर्नेछ । |
| परिच्छेद-२, नियम ३, उपनियम (ङ) | ङ. खण्ड घ. बमोजिम सूचनामा देहायका कुराहरु खुलाउनुपर्नेछः-<br>(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,<br>(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,<br>(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिइने भए सो कुरा,<br>(४) बोलपत्र फारम प्राप्त हुने स्थान र तरिका,<br>(५) बोलपत्र पठाउनु पर्ने तरिका, | ङ. खण्ड घ. बमोजिम सूचनामा देहायका कुराहरु खुलाउनुपर्नेछः-<br>(१) ठेक्काका मुख्य मुख्य शर्तहरु,<br>(२) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिणाम,<br>(३) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिइने भए सो कुरा,<br>(४) बोलपत्र फारम प्राप्त हुने स्थान र तरिका,<br>(५) बोलपत्र वापत लाग्ने दस्तुर,<br>(६) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र |

| | | |
|---|---|---|
| | (६) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम,<br>(७) बोलपत्र वापत लाग्ने दस्तुर,<br>(८) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने मिति,समय र स्थान,<br>(९) निर्णय गरिने सम्भावित मिति,<br>(१०) जमानत वापत राख्नुपर्ने रकम वा बैंक ग्यारेण्टीको किसिम रमान्य अवधि,<br>(११) अन्य आवश्यक कुराहरु, | समय, तथा बोलपत्र खोलिने मिति,समय र स्थान,<br>(७) जमानत वापत राख्नुपर्ने रकम वा बैंक ग्यारेण्टीको किसिम रमान्य अवधि,<br>(८) अन्य आवश्यक प्रावधानहरु, |
| परिच्छेद-२, नियम ३, उपनियम ४(झ) | झ.खण्ड ज. बमोजिम दोस्रोपटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड ङ बमोजिम सूचनामा देहायका कुराहरु थप गरि सार्वजनिक बढाबढको सुचना प्रकाशन गर्नुपर्नेछ ।<br>(१) बढाबढ हुने स्थान,<br>(२) बढाबढ हुने समय र मिति,<br>(३) अन्य आवश्यक कुराहरु, | झ.खण्ड ज. बमोजिम दोस्रोपटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई पुनः बोलपत्र आह्वान गर्नुपर्नेछ । |
| परिच्छेद-२, नियम ३, उपनियम ४(ञ) | | ञ. खण्ड झ. बमोजिम समेत कुनै पनि बोलपत्र पेश नभएमा आयठेक्काको न्यूनतम अंकको बढीमा १० प्रतिशत सम्म राजश्व परामर्श समितिको सिफारिस र नगरकार्यपालिकाको निर्णय बमोजिम पुनरावलोकन गरि घटाउन सकिनेछ । |
| परिच्छेद-२, नियम ४, उपनियम ४(९) | (९) कुनै बोलपत्रदाताको बोलपत्र जमानत जफत भएको अवस्थामा नगरपालिकाले निजले राखेको जमानत रकम आफुलाई भुक्तानी गर्न त्यस्तो जमानत जारी गर्ने बैंक समक्ष जमानत मान्य रहने अवधि भित्रै दावी गर्नुपर्नेछ । | (९) कुनै बोलपत्रदाताको बोलपत्र जमानत जफत भएको अवस्थामा नगरपालिकाले निजले राखेको जमानत रकम आफुलाई भुक्तानी गर्न त्यस्तो जमानत जारी गर्ने बैंक समक्ष जमानत मान्य रहने अवधि भित्रै दावी गर्नुपर्नेछ ।<br>तर, सो सँग सम्बन्धित विषयमा कुनै अड्डा अदालतमा कागजात विचाराधिन अवस्थामा रहेको अवस्थामा उक्त विषयको किनारा भए पश्चात मात्र जमानत दावि गर्न सकिनेछ । |

| | | |
|---|---|---|
| परिच्छेद-३, नियम ७, | ७.पट्टा दिने र कबुलियत गराउने:(१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटोको म्यांद बाहेक सात दिनको म्याद दिईसो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।<br>स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिनेछ ।<br>(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्र वा डाँकवाला हाजिर भई कबुलियत गर्न मञ्जूर गरेमा निजवाट कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो बोलपत्र वा डाँकवाला हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ। यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्र वा डाँकवालाको धरौटी जफत गर्नुपर्नेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको बोल रकमको अन्तर वढी [illegible] भएमा सो अन्तर वरावरको | ७.आयठेक्का सम्झौता:(१) यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र स्वीकृत भैसकेपछि कार्यालयले सात दिनभित्र सोको सूचना बोलपत्रदातालाई दिनुपर्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सूचना जारी गर्दा बाटोको म्याद बाहेक सात दिनको म्याद दिईसो म्यादभित्र आफ्नो कबूल बमोजिम सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्रलादातालाई ठेक्का दिइने विषय स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ ।<br>स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिएको सार्वजनिक सूचनालाई सूचना तामेली भएको मानिनेछ ।<br>(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा बोलपत्रदाता हाजिर भई सम्झौता गर्न मञ्जूर गरेमा निजबाट सम्झौता गराई निजलाई सम्झौतापत्र प्रति दिनु पर्नेछ । त्यस्तो बोलपत्रदाता हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम सम्झौता गर्न मञ्जूर नभएमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ। यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गर्नुपर्नेछ । पेश भएका बोलपत्रदाताबाट सबै भन्दा बढी कवोल गरेको अंकमा सम्झौता गर्न निवेदन पेश गरेमा कार्यालयस्तरीय निर्णयबाट सम्झौता गर्न बाधा पर्ने छैन । सम्झौता गर्न नआएको त्यस्तो योग्यताक्रमको बोलपत्रदाताको धरौटी कार्यालयबाट जफत गरिनेछ । बोलपत्रदाताको प्राथमिकतामा परेका कुनै पनि बोलपत्रदाताले |

| | |
|---|---|
| रकम अघिल्लो क्रमको बोलकर्तावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ। तर, यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रक्रिया पुर्याई पुन: बोलपत्र आव्हान गर्न समतसकिनेछ ।<br>(४) नियम ३ को उपनियम (२) वमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि बोलपत्र वा बढाबढको लागि कार्यशर्त तोकी संयुक्त समितिको व्यवस्थागर्न सकिनेछ । संयुक्त समितिको अख्तियारवालाले वोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागिसंयुक्त समिति समक्ष पेश गरी निकासा भए वमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नुपर्नेछ।<br>(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कको कम्तीमा छ महिना म्याद भएको पर्फर्मेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउनेसबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग कवुलियत गराई पट्टा दिनु पर्नेछ । पर्फर्मेन्स वण्डको अवधि सम्झौता अवधि भन्दा कम हुने छैन ।<br>(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालाले चलन | सम्झौताका लागि नआएमा सबै भन्दा बढी कवोल गरेको अंकमा सम्झौता गर्न इच्छुक भई कार्यलयमा निवेदन पेश हुन आएमा कार्यालयस्तरीय निर्णयबाट सम्झौता गर्न बाधा पर्ने छैन ।<br>(४) नियम ३ को उपनियम (२) बमोजिम संयुक्त रुपमा बोलपत्र आव्हान गर्नुपर्ने अवस्थामा सोको व्यवस्थाको लागि बोलपत्र वा बढाबढको लागि कार्यसर्त तोकी संयुक्त समितिको व्यवस्थागर्न सकिनेछ । संयुक्त समितिको अख्तियारवालाले बोलपत्र खोलिएको तीन दिनभित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने निर्णयका लागिसंयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । संयुक्त समितिले पेश भएको पन्ध्र दिनभित्र बोलपत्र स्वीकृत भए वा नभएको निकासा दिइसक्नुपर्नेछ ।<br>(५) वोलपत्र स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाताबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैङ्कको कम्तीमा छ महिना म्याद भएको पर्फर्मेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउनेसबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग सम्झौता गराई सम्झौता पत्र प्रतिप्रदान गर्नु पर्नेछ। पर्फर्मेन्स वण्डको अवधि सम्झौता अवधि भन्दा कम हुने छैन ।<br>(६) बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्रदाताले सम्झौता पत्र नलिएमा निजले नियम ३ को उपनियम (५) बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिनेछ ।<br>(७) यस नियममा जुनसुकै कुरा उल्लेख भए तापनि संयुक्त समिति गठन नभए सम्म सम्बन्धित पालिकाहरु बीच गरिएको आपसी सहमतिमा |

| | |
|---|---|
| पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ३ को उपनियम (५) बमोजिम राखेको जमानत जफत गरी संचित कोषमा दाखिला गरिनेछ।<br>(७) यस नियममा जुनसुकै कुरा उल्लेख भए तापनि संयुक्त समिति गठन नभए सम्म सम्बन्धित पालिकाहरु बीच गरिएको आपसी सहमतिमा उल्लेख भए बमोजिम हुनेछ । | उल्लेख भए बमोजिम हुनेछ । |

**प्रस्ताव नं. ७.३**

नगरप्रमुख गृहिणी महिला स्वरोजगार सम्वन्धी तालिमका लागि आवश्यक पाठ्यक्रम, दररेट, कार्यशर्त तथा खरिद डकुमेन्ट स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं.७.३**

चालु आ.ब. २०८२।०८३ मा बुटवल उपमहानगरपालिकाद्वारा नगर प्रमुख गृहिणी महिला स्वरोजगार कार्यक्रम अन्तर्गत पहिचान भएका १४ प्रकारका तालिमहरुका लागि विनियोजन ऐन, २०८२ बाट बजेट विनियोजन भएको । उल्लेखित कार्यक्रम अन्तर्गत पहिचान भएका तालिमहरु संचालन गर्नका लागि परामर्श सेवा खरिद गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने क्रममा मिति २०८२।०८।२५ मा परामर्श दाताद्वारा निम्नानुसार १४ प्रकारका तालिमहरुको पाठ्यक्रम, दररेट, कार्यशर्त तथा खरिद डकुमेन्टहरु प्राप्त हुन आएको हुँदा देहाय बमोजिमका तालिम कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | तालिमको नाम | कैफियत |
|---|---|---|
| १ | वर्थडे केक, वेकरी बनाउने तालिम | |
| २ | महिलाहरुको लागि जुत्ता चप्पल मखमली चप्पल बनाउने तालिम | |
| ३ | चुरा पोते, टीका बनाउने तालिम | |
| ४ | गुन्द्रुक मस्यौरा बनाउने तालिम | |
| ५ | डल्लो साबुन, सरफ, फिनेल हारपिक बनाउने तालिम | |
| ६ | विभिन्न जातजातिको भेषभुषा ड्रेस तयार गर्ने तालिम | |
| ७ | झिनिया रोटी सेलरोटी, बटुक रोटी, कोदाको रोटी, फापरको रोटी परौठा बनाउने तालिम | |
| ८ | गाईको गोवरको अगरबत्ती बनाउने तालिम | |
| ९ | ढकीया बनाउने तालिम | |
| १० | स्यानीटरी प्याड र डायपर बनाउने तालिम | |
| ११ | उनको स्वीटर लगायतका सामग्री तयार गर्ने तालिम | |
| १२ | च्याउ खेति तालिम | |
| १३ | शुभ विवाह माला, साइपाटा तथा श्रृङ्गार सामग्री सम्बन्धी तालिम | |
| १४ | अचार बनाउने तालिम | |

**प्रस्ताव नं. ७.४**
मिति २०८२।०९।२४ मा बसेको नगर शिक्षा समितिको वैठकबाट भएको निर्णयहरु अनुमोदन सम्बन्धमा।

**निर्णय नं. ७.४**
मिति २०८२।०९।२४ मा बसेको नगर शिक्षा समितिको वैठकवाट निर्णय भई अनुमोदनको लागि पेश हुन आएका देहायका निर्णयहरु अनुरमोदन गर्ने निर्णय गरियो ।

क) नगर शिक्ष योजना निर्माण कार्यदलवाट निर्माण गरिएको बुटवल उपमहानगरपालिकाको नगर शिक्षा योजना २०८१।०८२-२०८५।०८६ मिति २०८२।०३।२३ को नगर प्रमुखस्तरीय निर्णबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको हुँदा सो विषय अनुमोदन गरियो ।

ख) बुटवल उपमहानगरपालिकाको आधारभुत तहको स्थानीय पाठ्यकम परिमार्जन तथा संशोधन कार्यदलद्धारा तयार गरिएको परिमार्जित स्थानीय पाठ्यकम स्वीकृत गर्ने सम्बन्धी निर्णय अनुमोदन गरियो ।

ग) नयागाउँ माध्यमिक विद्यालय वुटवल, १२ लाई मिति २०८२।०४।०६ को नगरप्रमुख स्तरीय निर्णयबाट शै.स. २०८२ देखि कक्षा ११-१२ मा होटल म्यानेजमेन्ट विषय (कोड नं. ४३९१) थप गर्न अनुमति दिइएको हुँदा सो विषय अनुमोदन गरियो ।

**प्रताव नं. ७.५ विविध ।**

**प्रस्ताव नं. ७.५.१**
कार्यदल गठन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७.५.१**
रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं १ स्थित शिव र हनुमान मन्दिरको पुजारी भीमनाथ शर्मा वादी भई जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय समेतलाई प्रतिवादी बनाइ श्री रुपन्देही जिल्ला अदालतमा सार्वजनिक जग्गा खिचोला विषयको फैसला कार्यान्वयन सन्दर्भमा भिमनाथ शर्माले दिएको निवेदन तथा जितगढी किल्लाको साविकको जग्गा र हालको अवस्था समेतको विश्लेषण सहित मेलमिलापको लागि ३० दिनभित्र उपयुक्त राय सुझाव सहित प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. संयोजक: केशव राज पन्थी, संयोजक, मेलमिलाप केन्द्र, बु.उ.न.पा
२. सदस्य: शंकर पौडेल, सहसंयोजक, मेलमिलाप केन्द्र, बु.उ.न.पा
३. सदस्य: त्रिदेव बुढाथोकी, प्राविधिक अधिकृत (नापी), बु.उ.न.पा नगरकार्यपालिकाको कार्यालय ।
४. सदस्य: भिमनाथ शर्मा, पुजारी, शिव हनुमान मन्दिर
५. सदस्य सचिव: राम प्र. पन्थी, अधिकृत, भुमि व्यवस्थापन शाखा, नगरकार्यपालिकाको कार्यालय ।

**प्रस्ताव नं.७.५.२**
बुटवल उपमहानगरपालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० को अनुसूची ४ संशोधन सम्बन्धमा ।

**निर्णय नं. ७.५.२**
बुटवल उपमहानगरपालिकाको आर्थिक तथा आन्तरिक नियन्त्रण कार्यविधि, २०८० को अनुसूची ४ मा देहाय बमोजिम हुने गरी संशोधन गरी कार्यान्वयन प्रकिया अगाडि वढाउने निर्णय गरियो ।

१. लेखा सहायक कर्मचारीको लागि सङ्घीय सरकारवाट प्राप्त हुने मासिक पारिश्रमिक र चाडपर्व खर्चमा नगरको आन्तरिक स्रोतवाट रु ११०००/-समेत थप गरी उपलब्ध गराउने ।
२. बालविकास सहजकर्ताको लागि सङ्घीय सरकारवाट प्राप्त हुने मासिक पारिश्रमिक र चाडपर्व खर्चमा नगरको स्रोतवाट रु. ९०००/- समेत थप गरी उपलब्ध गराउने ।
३. विद्यालय सहयोगी कर्मचारीको लागि सङ्घीय सरकारवाट प्राप्त हुने मासिक पारिश्रमिक र चाडपर्व खर्चमा नगरको स्रोतवाट रु ११०००/- समेत थप गरी उपलब्ध गराउने ।
४. सामुदायिक सिकाई केन्द्रका परिचालिकाको लागि सङ्घीय सरकारवाट प्राप्त हुने मासिक पारिश्रमिक र चाडपर्व खर्चमा नगरको आन्तरिक स्रोतवाट रु ३०००/- समेत थप गरी उपलब्ध गराउने ।

नोटः- यो संशोधित व्यवस्था मिति २०८२ साउन १ देखि लागु हुनेछ ।

**प्रस्ताव नं.७.५.३**
कार्यदल गठन सम्वन्धमा ।

**निर्णय नं. ७.५.३**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलको च.नं. २११४५ मिति २०८२।०८।०८ र च.नं. २८७८८ मिति २०८२।०९।१८ को पत्र सम्बन्धमा जिल्ला प्रशासन कार्यालय रुपन्देहीको प.सं. प्र ३।०८१।०८२ च.नं. ५५०१ मिति २०८२।०९।२१ को पत्रबाट बुटवल उपमहानगरपालिका वडा नं. १७ मा सार्वजनिक जग्गामा रहेको गौतमबुद्ध विहार मन्दिरका बारेमा भएका कामकारवाहीको बारेमा स्थलगत अध्ययन एवं जे जो बुझ्नु पर्छ बुझि १५ दिन भित्रमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिम हुने गरी एक कार्यदल गठन गर्न मनासिव हुने भएकोले प्रस्ताव गर्दछु ।

१. श्री शिव राना, वडा अध्यक्ष वडा नं. १५ एवं प्रवक्ता - संयोजक बुटवल उपमहानगरपालिका
२. श्री दामोदर ज्ञवाली, अधिकृतस्तर आठौं तह, नगरकार्यपालिकाको कार्यालय-) सदस्य
३. श्री त्रिदेव बुढाथोकी, प्राविधिक अधिकृत (नापी)- सदस्य सचिव

**प्रस्ताव नं. ७.५.४**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७.५.४**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको च.नं.१२५९ मिति २०८२२०९/०७ गतेको पत्रबाट सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय, रुपन्देहीलाई बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिकाको सिमानामा पर्ने दानव र बौराहा नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) माग भएकोमा सैनामैना नगरकार्यपालिकाको कार्यालय, रुपन्देहीको च.नं. २४२१ मिति २०८२१०/११ गतेको पत्र साथ सैनामैना नगरपालिका वडा नं. १ र बुटवल उपमहानगरपालिका वडा नं. १२ को सिमा भई बग्ने बमाहा खोलाको सैनामैना नगरकार्यपालिकाको मिति २०८२/०२/१३ को बैठकबाट स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) प्रतिवेदन थान १ प्राप्त भएको। सैनामैना नगरपालिका र बुटवल उपमहानगरपालिकाको सिमानामा पर्ने बमाहा खोलाको नदीजन्य पदार्थ उत्खनन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सैनामैना नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भइसकेको र यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट पनि **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७** को दफा ६ को उपदफा २ बमोजिम प्रस्तावक ले स्थानीयतहको अधिकार क्षेत्रभित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना वा नदीजन्य पदार्थ उत्खनन सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा सो अनुरुप ग्रीन टाइम कन्सल्ट प्रालि बुटवलबाट सैनामैना नगरपालिकामा पेश भइ स्वीकृत भएको सैनामैना नगरपालिका वडा नं. १ र बुटवल उपमहानगरपालिका वडा नं. १२ को सिमा भई बग्ने बमाहा खोलाबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७.५.५**

नदीजन्य पदार्थ माग तथा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ७.५.५**

(क) बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना कार्यालय अन्तर्गत **बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक र पुल स्तरोन्नती** कार्य नेपाल सरकारको रुपान्तरणकारी एवम् प्राथमिकता (**P1**) प्राप्त आयोजना ,ठेक्का नं **ACCESS–DOR–W–BGC–ICB–1 (LOT–1)** ,निर्माण व्यवसायी श्री **SCEGC–ANS– j.V.** भएको आयोजनाका लागि आवश्यक नदीजन्य पदार्थ बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन,२०८१ को दफा ६(२) समेत र नेपाल सरकारद्वारा जारी भएको ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को बूँदा नं. १२, ठूला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाका लागि विशेष व्यवस्थामा भएअनुसार नियमानुसारको शुल्क बुझि आवश्यक नदीजन्य पदार्थ उपलब्ध गराइ दिनु हुन भनी च.नं ३८ मिति २०८१।०६।१८ ,च.नं ३६ मिति २०८२।०५।२३ को बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना कार्यालय ,बुटवलको पत्र र ताकेता पत्रबाट समेतअनुरोध भइ आएको हुँदा **सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना वुटवल रुपन्देही** ( ठेक्का सम्झौता नं PEP5/NCB/RT/21-081/82) वाट एम.एन.आर.जे.भी.वुटवल रुपन्देहीले वुटवल

उपमहानगरपालिका वडा नं. ११ स्थित, तिनाउँ नदीमा नदी नियन्त्रणको लागि वेड्बार निर्माण गर्न फाउन्डेसन निर्माण/खन्ने क्रममा निस्केको (उत्पादन भएको) १०००० (दश हजार) घनमिटर परिमाणमा नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी,वालुवा) प्राथमिकता (P1) प्राप्त आयोजना बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना कार्यालय ,बुटवललाइ बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा १८ को उपदफा १ बमोजिम प्रतिघन फुट मूल्य अभिवृद्धि कर (VAT) वाहेक रु. १८।- मा उपलब्ध गराउने निर्णय गरियो ।

(ख)बुटवल उपमहानगरपालिकाको वडा नं. ४ अन्तर्गत पर्ने चुरे पहाडवाट वर्षातको समयमा आउने पहिरोका कारण सुखौरा खोलामा वाढी तथा हिलोले खोल्सी जाम भई सुखौरा खोला आसपासमा रहेका घरहरुमा जोखिम हुने भएकाले वाढी पहिरोवाट जाम भएको सुखौरा खोला तथा खोल्सी सफाई गरी बर्षा अगावै नै पहिरोजन्य पदार्थ उक्त स्थानवाट व्यवस्थापन गर्नु पर्ने भएको व्यहोरा मिति २०८२।०२।२० गते च.नं. १६६२ को पत्र मार्फत वडा कार्यालयबाट अनुरोध भई आएकोमा मिति २०८२।०१।१७ गतेको नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय नं. १.६ र मिति २०८२।०१।२२ गतेको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिको निर्णय नं. १.१ बमोजिम सिफारिस भै आएको र सुखौरा खोला सफाई उपभोक्ता समितिबाट मिति २०८२।०३।०४ गते देखि २०८२।०३।०७ गते सम्म उक्त खोल्सीवाट पहिरोजन्य पदार्थ उत्खनन् कार्य भएको हुँदा उक्त पहिरोजन्य पदार्थ पाँच स्थानमा बोल्डर मिसिएको माटो पदार्थ देखिएको र मिति २०८२।०३।१० गतेको नापी किताव अनुसारको प्राविधिक प्रतिवेदन बमोजिमको तपशिल अनुसारको पहिरोजन्य प्राकृतिक पदार्थ जे जस्तो अवस्थामा छ सोही अवस्थामा व्यवस्थापन गर्नु पर्ने भएको हुँदा देहायको पाँच स्थानमा रहेको उल्लिखित प्रकृतिको नदीजन्य पदार्थ व्यवस्थापनका लागि बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन,२०८२ को दफा १८ को उपदफा १ बमोजिम प्रतिघन फुट मूल्य अभिवृद्धि कर (VAT) वाहेक न्यूनतम रु. १८।-मा नियमानुसार आय ठेक्का बन्दोबस्तद्वारा प्रकिया अगाडि वढाउने निर्णय गरियो ।

**स्थान** :(१)जनकपुर चुरोट कारखाना लि.,भवन परिसर,बुटवल-४, (२) राष्ट्रिय वाणिज्य वैंक लि. पछाडिपट्टि,बुटवल-४, (३)नविल वैंकको पछाडि पट्टि,बुटवल-४, (४)भूदेव सप्लायर्सको छेउमा बुटवल-४ र (५) शहरी स्वास्थ्य केन्द्र, बुटवल -४ को अगाडि ।

| Date of Excavation | Equipment | No. | Quantity (Cft ) | Quantity(Cft ) |
|---|---|---|---|---|
| 2082.03.05 | Tipper | 63.00 | 17010.00 | 481.68 |
| 2082.03.06 | Tipper | 35.00 | 9450.00 | 267.60 |
| 2082.03.07 | Tipper | 10.00 | 2700.00 | 76.46 |
| Total | | 108 | 29160 | 825.73 |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।